(ड) श्री मदनकृष्ण हाडा – सदस्य
(ढ) अधिवक्ता श्री विष्णुप्रसाद नेपाली – सदस्य
(ण) श्री प्रबन्धक, भक्तपुर विकास परियोजना कार्यान्वयन कार्यालय – सदस्य-सचिव

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको सिद्धार्थनगर (भैरहवा) नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः

अञ्चलाधीश, लुम्बिनी अञ्चल– अध्यक्ष
सभापति, रूपन्देही जिल्ला पंचायत– सदस्य
प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, रूपन्देही– सदस्य
प्रतिनिधि, आवास, भवन तथा भौतिक परियोजना विभाग– सदस्य
पञ्चायत वर्गीय सङ्गठन तथा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरूमध्येबाट समितिको अध्यक्षले मनोनीत गरेको बढीमा ५ जना व्यक्ति– सदस्य
प्रधानपञ्च, सिद्धार्थनगर नगर पञ्चायत– सदस्य-सचिव

समितिको काम, कर्तव्य र अधिकारः

(१) नगर विकास समिति ऐन, २०१९ले दिएको अधिकार प्रयोग गरी स्वीकृत योजना कार्यान्वयन गर्ने ।

(२) स्वीकृत गुरु योजनामा कुनै परिवर्तन वा हेरफेर गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने ।

(३) गुरु योजना अनुसार निषेध नियन्त्रण गर्ने भू-उपयोग तथा निर्माण सम्बन्धी नियमावली तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहमतिमा निर्धारण गरी कार्यान्वयन गर्ने ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।